**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE 03.10.2023**

**पिएम**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ केन्द्रमा भारतीय जनता पार्टीको सरकारले देशमा बुनियादी ढाँचाको विकासमाथि विशेष ध्यान दिइरहेछ।

आज छत्तीसगढ़को जगदलपुरमा उहाँले भन्नुभयो पछिल्ला नौ वर्षमा बुनियादी सुविधाहरूको विकासमाथि खर्च बढ़ाएर दस लाख करोड़ रूपियाँ बताइएको छ र यो पहिलेको भन्दा छ गुणा अधिक छ।

श्री मोदीले भन्नुभयो देशका प्रत्येक राज्य प्रत्येक जिल्ला र प्रत्येक गाउँ विकसित भए मात्र विकसित भारतको सपना पूरा हुनेछ।

प्रधानमन्त्रीले भन्नुभयो विकसित भारतका लागि भौतिक, डिजिटल र सामाजिक क्षेत्रसित सम्बन्धित मूल सुबिधाहरूलाई भविष्यको आवश्यकता अनुरूप तयार पार्नुपर्छ।

**सिएम नर्थ**

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले आज उत्तर सिक्किमको लाचेन मंगन निर्वाचन क्षेत्र अन्तर्गत मंगनमा पेन्तोक स्थित जिल्ला पञ्चायत भवनमा रिंधिम नाम्पताम ग्राम पञ्चायत इकाइ र मंगन नगर पञ्चायतका जनतासित भेट गर्नु भयो।

यसअघि उहाँले गत पच्चीसदेखि अठाइस सितम्बर सम्म लाचेन मंगन समष्टि अधिन लाचेन, लाचुङ र नागाका मानिसहरूसित भेटघाट गरेर उनीहरूका विभिन्न समस्या तथा मांगहरूको सुवाई गर्नु भएको थियो।

जनता भेट कार्यक्रममा मुख्यमन्त्रीले आज पनि हजारौं मानिसहरूलाई व्यक्तिगत रूपमा भेट्नुभयो। यस क्रममा साँझसम्म श्री तामङले सताइसजना युवाहरूलाई राज्य सरकारको विभन्न विभागमा अस्थायी नोकरीको नियुक्ति पत्र प्रदान गर्नुभयो। समाचार प्रसारण हुन अघिसम्म पनि भेटघाटको कार्यक्रम भइरहेथ्यो।

**एबिपी नाम्ची**

आकांक्षी प्रखण्ड कार्यक्रमको एक भागको रूपमा आकांक्षी प्रखण्डहरूका लागि सप्ताहव्यापी कार्यक्रम संकल्प सप्ताह राज्यमा पनि प्रखण्डमा आजदेखि शुरू भएको छ।

तीन अक्तुवरदेखि नौ अक्तुवरसम्म संकल्प सप्ताहको प्रत्येक दिनका लागि विकास सम्वन्धी विशेष थीम राखिएको छ।

पहिलो छ दिनका विषयहरू हुन् सम्पूर्ण स्वास्थ्य, सुपोषित परिवार, स्वच्छता, कृषि शिक्षा र समृद्धि दिवस।

सप्ताहको अन्तिम दिन नौ अक्तुवरमा सातभरि गरिएका कार्यक्रमहरूलाई लिएर संकल्प सप्ताह समावेश समारोह आयोजित हुनेछ।

यसबीच दक्षिण सिक्किमको नाम्ची प्रखण्डमा संकल्प सप्ताह पालन गर्दै स्वास्थ्य तथा आरोग्य केन्द्रले स्वास्थ्य मेलाहरू आयोजन गर्यो।

मेलामा प्रसव पूर्व जाँच क्षयरोग जाँच रक्तअल्पता परीक्षण गरी संक्रामक रोगहरूको जाँच र आवश्यकता परेमा नियमित टीकाकरण गरियो।

यस अवसरमा नाम्ची प्रखण्ड वरपरका जम्मा दसवटा स्वास्थ्य तथा आरोग्य केन्द्रहरूमा स्वस्थ भोजन उपलब्ध गराइयो।

**एबीपी सोरेङ**

नीति आयोगको पहलमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा गत तीस सितम्बरमा शुभारम्भ गरिएको संकल्प सप्ताह सबको विकास सोरेङमा पनि आज शुरू गरियो।

वर्षव्यापी आकांक्षी प्रखण्ड कार्यक्रम अन्तर्गत यो एक सप्ताहको कार्यक्रममा आज पहिलो दिन चुम्बोङ च्याखुङ प्रखण्ड अधिन च्याखुङको स्वास्थ्य तथा आरोग्य केन्द्र अनि ग्राम प्रशासनिक केन्द्रमा सम्पूर्ण स्वास्थ्य एक संकल्पमाथि जोड़ दिँद□ विभिन्न रोगीहरूको स्वास्थ्य जाँच गरियो।

यसमा एक सय चालिस भन्दा धेर□लाभार्थीहरूले आँखाको जाँच गराए।

**एबिपी गेजिङ**

गेजिङ जिल्लाको चोङराङ प्रखण्डमा पनि आज संकल्प सप्ताह समारोह आरम्भ गरिय।

यस अवसरमा स्वास्थ्य विभाग र ग्रामीण विकास विभागसित मिलेर चोङराङ प्रखण्डले स्वास्थ्य मेला आयोजित गर्यो।

यसमा जिल्ला तथा ग्राम पञ्चायत सदस्यहरू अनि पाँच सय भन्दा बढ़ी स्थानीय बासिन्दाहरू लाभान्वित भए।

**सिएस भिजिट**

मुख्य सचिव श्री विजय भूषण पाठकले आज आध्यात्मिक शुरू दलाई लामाको भ्रमणलाई लिएर पाल्जोर स्टेडियममा भइरहेको तयारी कार्यको स्थलगत निरीक्षण गर्नुभयो।

उहाँसित सम्वन्धित विभआगहरूका सचिवगण र अधिकृतहरू पनि साथमा थिए।

दलाई लामाको यस□महीना दसदेखि पन्ध्रतारीकसम्म राज्य भ्रमण गर्ने कार्यक्रम छ।

बौद्धधर्मगूरूले एघार र बाह्र अक्तूवरका दिन व्याख्यान दिनका साथ□ श्रद्यालुहरूलाई आशीर्वाद पनि दिनुहुनेछ।

मुख्य सचिवले सम्पूर्ण तयारीको जानकारी लिनुभयो।

त्यसपछि उहाँहरू मनन केन्द्रमा जानुभयो, जहाँ दलाई लामाले तेह्र अक्तूवरमा राज्य सरकारका वरिष्ठ अधिकारीहरू र विद्यार्थीहरूसित अन्तर्क्रिया गर्नुहुनेछ।

**कराते**

सिक्किम खुल्ला अन्तर्राष्ट्रिय कराते च्याम्पियनशीप गान्तोकको पाल्जोर इन्डोर जिम्नासियममा आँउदो महीना तीन तारीकदेखि शुरू हुनेछ।

तीन दिने लामो च्याम्पियनशीपको आयोजना सिक्किम राज्य कराते डो संघले गरिरहेछ।

यो अन्तर्राष्ट्रिय प्रतियोगितामा भारत, नेपाल, भूटान र बांगलादेशका शीर्ष कराते खेलाड़ीहरू सहभागी हुनेछन्।

गान्तोकमा आज एउटा पत्रकार सम्मेलनमा च्याम्पियनशीप आयोजना गर्ने घोषणा गर्दै सिक्किम राज्य कराते डो संघका अध्यक्ष श्री बिजय गुरूङले भन्नुभयो सिक्किमले पहिलोचोटि अन्तर्राष्ट्रिय स्तरको कराते प्रतियोगिता आयोजन गरिरहेछ।

उहाँले भन्नुभयो यो वृहत प्रतियोगितामा सब जुनियर, क्याडेट जुनियर र सिनियर वर्ग गरी विभिन्न राष्ट्रका आठ सय भन्दा बढ़ी कराते खेलाड़ीहरूले भाग लिनेछन्।

संघका महासचिव श्री भीमबहादुर सुब्बाले बताउनु भए अनुसार हाल सम्पन्न उन्नाइसौं सिक्किम राज्य कराते च्याम्पियनशीपका सेमिफाइनल र फाइनल खेल्ने खेलाड़ीहरूले अन्तर्राष्ट्रिय च्याम्पियनशीपमा प्रवेश पाउनेछन्।